२०७९ मंसिर २३ शुक्रबार
Friday 9 Dec. 2022

हिमालय टाइम्स
www.thehimalayatimes.com

# बागमती प्रदेश सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## बागमती प्रदेश, हेटौंडा, नेपाल

## कृषि क्षेत्रमा विपदवाट क्षति पुगेका कृषकलाई राहत वितरण सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७९/०८/२३**

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको आर्थिक वर्ष २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार आपतकालिन/आकस्मिक रोग/क्षति न्यूनिकरण कार्यक्रम अन्तर्गत कृषि क्षेत्रमा विपदवाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यविधि, २०७९ बमोजिम राहत प्रदान गर्न इच्छुक कृषकहरुवाट तपसिल बमोजिमका कागजातहरु सहित मन्त्रालयमा निवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल:**

१. रु १० को टिकट टाँसी अनुसूची-२ अनुसारको सम्बन्धित व्यक्तिको आवेदन फारम,
२. विपद्वाट भएको क्षति यकिन हुने स्थानीयको रोहवरमा भएको प्रहरी मुचुल्का,
३. नेपाली नागरिकता,
४. कृषि प्राविधिकको क्षतिको मूल्याङ्कन प्रतिवेदन (निवेदन दिदाको बखत),
५. पीडित कृषकको बैंक खाता नं.,
६. सम्बन्धित स्थानीय तहको सिफारिस,
७. कार्यालयको सिफारिस,
८. राहत व्यवस्थापन समितिको सिफारिस,
९. क्षति देखिने फोटो/ दृष्य/ बृत्तचित्र,
१०. अन्य प्रमाणित प्रमाणपत्रहरुको प्रतिलिपीहरु,
११. विमा गरेको वा नगरेको (प्रमाण)

**पुनश्च:** कृषि क्षेत्रमा विपदवाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यविधि, २०७९ कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेशको बेवसाईट www.molmac.bagamati.gov.np बेवसाईटबाट डाउनलोड गर्न सकिनेछ।